नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १८७ २०८१ साल फागुन १० गते शनिबार (22 Feb. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विद्युतीय सुशासनका ... ३ पृष्ठमा : महाशिवरात्रिमा पशुपतिनाथ ... ३ पृष्ठमा : वातावरण क्षेत्रमा चीनको ...

## अपराधिक कार्यमा संलग्नलाई बचाउन राजनीतिक दलका नेताहरु सक्रिय : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

गृह संचार तथा कानुन मन्त्रालय मधेश प्रदेशले सिरहाका रिंकु सदाको हत्या बारे अनुसन्धान गर्न गठित समितिको प्रगति विवरण सार्वजनिक गरेको छ ।

मधेश प्रदेश सरकारका गृह सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी प्रगति विवरण बारे जानकारी गराएका छन् ।

पत्रकार सम्मेलनमा बोल्दै मन्त्री लेखीले मधेशमा बलात्कार जस्तो जघन्य अपराधिक कार्यमा संलग्नलाई बचाउन राजनीतिक दलका नेताहरु लागेको बताएका छन् ।

उनले राजनीतिक दलका नेता भनाउनेहरु नै लाख दुई लाखमा बचाउन सक्रिय रहेको बताए ।

गत माघ ३० गते सिरहा नवराजपुरमा एक दलित किशोरी उपर भएको बलात्कार र हत्या घटनामा मन्त्री लेखीले जघन्य अपराधिक घटना मिलाउन, पञ्चायती गरि लाख दुई लाखमै चुप लाग भनेर सेलाउन दलहरुकै नेताहरु सक्रिय रहेको बताउँदै दुःख समेत व्यक्त गरेका छन् ।

उनले घटना स्थलका स्थानियहरु पनि यस्ता घटनाहरु लुकाउन अग्रसर देखिएर अपराधलाई प्रसय दिने कामहरु समाजबाटै भइरहेको आरोप लगाए । सरोकारबाला निकायलाई घट्नाबारे जानकारी दिएर उजागर गुर्नको साटो प्रहरीलाई मिलाएर घटना स्थानिय स्तरमै लुकाउने प्रयासमा वृद्धि भइरहेको उनको भनाई छ ।

अपराधी आफनै पार्टीको भएपनि यस्ता जघन्य अपराधमा संलग्नलाई कारवाहीको दायरामा ल्याईने उनले प्रतिवद्धता व्यक्त गरे ।

पत्रकार सम्मेलनमा मन्त्री लेखी संगै उपस्थित रहेका मधेश प्रदेशका प्रहरी नायव महानिरीक्षक लालमणी आचार्यले प्रहरी निरिक्षकको नेतृत्वमा एक विशेष टोली खटाएर घट्नाबारे अनुसन्धान भईरहेको जानकारी दिए । उनले अपराधी सम्म छिट्टै पुग्ने गरि प्रहरीले काम गरिरहेको बताए ।

"अनुसन्धानका विषय भएकाले विस्तृत भन्न नमिल्ने, यद्यपि छिट्टै अपराधी सहित प्रहरी उपस्थित हुनेछ" आचार्यले भने ।

## अविलम्व शिक्षा ऐन ल्याउन नेपाल शिक्षक महासंघ सप्तरीले बुझाए ध्यानाकर्षणपत्र



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

नेपाल शिक्षक महासंघ जिल्ला समिति सप्तरीले शुक्रवार शिक्षकरुको विभिन्न माग राखि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

महासंघले शिक्षा विकास तथा समन्वय इकाई मार्फत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई ध्यानाकर्षणपत्र बुझाएको हो ।

विद्यालयमा कार्यरत कर्मचारीका सबै मागहरु सम्बोधन हुने, विद्यालय, विद्यार्थी, शिक्षक-कर्मचारी मैत्री अग्रगामी विद्यालय शिक्षा ऐन अविलम्व ल्याउन माग गर्दै आन्दोलन परिचालन समिति संयोजक दिनेश प्रसाद यादवले शिक्षा विकास तथा समन्वय इकाईका निमित्त प्रमुख रामबालक यादवलाई ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

विगतमा महासंघले गरेको आन्दोलनको बलमा २०७५, २०७८ र २०८० सालमा नेपाल सरकारसँग भएका सहमती कार्यान्वयन गर्नुपर्ने माग गर्दै स्थायी, राहत, साविक उमावि, शिक्षण सिकाइ अनुदान, अस्थायी करार, प्राविधिक धार, विशेष शिक्षा, संस्थागत विद्यालयका शिक्षक लगायत सबै खालका शिक्षक र विद्यालय कर्मचारीको सबै माग सम्बोधन हुने शिक्षा ऐन संसदको यसै अधिवेशनबाट ल्याउनु आवश्यक रहेको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

"विद्यालय शिक्षा ऐन संसदीय प्रक्रियामा रहेकै बेला ऐनले सम्बोधन गर्नुपर्ने विषयमा आम शिक्षकको भावना विपरित निवृत्तीभरण सम्बन्धी अध्यादेश जारी हुनुले पनि यो कुराको पुष्टि गर्दछ" ध्यानाकर्षण पत्रमा भनिएको छ ।

सरकारकै निर्णयबाट हुनसक्ने बालकक्षा शिक्षक, विद्यालय कर्मचारी र संस्थागत विद्यालयका शिक्षकको लागि उचित तलवमान, शिक्षकको ग्रेड मिलान, शिक्षकको मर्यादाकम, शिक्षक अस्पताल, शिक्षक सरुवा कार्यविधिको

***बाँकी तीन पृष्ठमा***

## दलित समुदायमाथि भइरहेको हिंसामा संलग्न उपर मञ्चद्वारा कारवाहीको माग

**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

दलित समुदायमाथि भइरहेको हिंसा, बलात्कार, तथा अन्तरजातीय विवाह गर्ने जोडीमाथि राज्यसंयन्त्रकै संलग्नतामा दमन भईरहेको दलित सरोकार मञ्च, नेपालले आरोप लगाएका छन् ।

यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै यस्ता घट्नामा संलग्न दोषी उपर कारवाही गर्न माग गरेको छ ।

दलित सरोकार मञ्च नेपालले शुक्रवार एक प्रेस विज्ञप्ति जारी गर्दै सिरहा, सर्लाही, रौतहट लगायतका जिल्लामा दलित समुदायमाथि भइरहेको अन्यायका घटनामा दोषी रहेका उपर कारवाहीको माग गरेको हो ।

मञ्चका कार्यकारी निर्देशक भोला कुमार पासवानले सिरहाको नवराजपुर गाउँपालिका १ मा १७ वर्षीया दलित किशोरी रिंकु कुमारी सदामाथि भएको सामूहिक बलात्कार र त्यसपछि उनको मृत्यु अत्यन्त शंकास्पद भएको भन्दै निष्पक्ष अनुसन्धानको माग गरेका छन् ।

गत २७ माघमा रुपेश मण्डल, चन्दन साह र रामविनय मण्डलले किशोरीलाई सामूहिक बलात्कार गरेको घट्ना सार्वजनिक भएको थियो ।

त्यसपछि माघ ३० गते उनी मृत अवस्थामा फेला परेकी थिइन् । यस घटनामा संलग्न ८ जनाविरुद्ध जाहेरी दर्ता भए पनि कोही पक्राउ नपरेको भन्दै मञ्चले दोषीलाई तत्काल पक्राउ गरी कारवाही गर्न विज्ञप्ति मार्फत माग गरेको छ ।

उक्त घट्नामा समाजकै केही अगुवाहरूले १ लाख ४० हजार रुपैयाँ लिएर मिलापत्र गराएको समेत खुलेको हो ।

त्यस्तै, सर्लाहीमा सत्येन्द्रकुमार राम र नेहा रौनियारको अन्तरजातीय विवाहमा भएको हस्तक्षेपप्रति मञ्चले आपत्ति जनाएको छ । कानुनी रूपमा विवाह गरेका उनीहरूलाई राजनीतिक पहुँचको दुरुपयोग गर्दै भारतसम्म गएर पक्राउ गर्नु गम्भीर विषय भएको मञ्चले दावी गरेका छन् ।

सत्येन्द्रलाई बालविवाहको झुटा आरोप लगाएर फसाउन खोजिएको भन्दै मञ्चले यसलाई कानुनी दुरुपयोगको उदाहरण भनेको छ । सर्वोच्च अदालतले नेहालाई सत्येन्द्रकै जिम्मा लगाउने आदेश दिए पनि निरन्तर धम्की आईरहनु मानवअधिकार उल्लंघन भएको भएको मञ्चले जारि गरेको विज्ञप्तिमा उल्लेख छ ।

रौतहटस्थित वृन्दावन नगरपालिकाका कार्यपालिका सदस्य राजेश पासवान र मुस्लिम नेता सलाउदिन दर्जीलाई राज्य संयन्त्रद्वारा झुटा मुद्दामा फसाउने प्रयास भएको, जातीय भेदभावविरुद्ध आवाज उठाउनेहरु माथि प्रतिशोधको भावनाले फसाउने प्रयास भइरहेको मञ्चले विज्ञप्ति मार्फत जनाएको छ ।

प्रहरी प्रशासनको समेत मिलेमतो देखिएको भन्दै मञ्चले निष्पक्ष अनुसन्धान गरी दोषीलाई कारबाही गर्न माग गरेको छ।

संविधान र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि सम्झौताहरु अनुसार दलित समुदायका अधिकार पूर्णरुपमा कार्यान्वयन गर्न माग राखि मञ्चले दलित समुदायमाथि भइरहेका बलात्कार, हत्या तथा दमनका घटनामा निष्पक्ष अनुसन्धान गर्नुपर्नेमा जोड दिदै

मागहरु सम्बोधन नगरिए न्यायका आन्दोलन गर्ने चेतावनी समेत विज्ञप्तिमा दिइएको छ ।

**महिला अधिकारको सम्मान गरौं**

- महिलालाई समाज र देशको मुलधारमा ल्याउन पहल गरौं,
- महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
- महिला सशक्तिकरणमा ध्यान दिऔं,
- लैंगिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं,
- सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
- संविधान र कानुनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# चौरानब्बे अर्ब ५२ करोड राजस्व सङ्कलन

वीरगञ्ज (पर्सा) ९ फागुन (रासस)।

वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको सात महिनामा रु ९४ अर्ब ५२ करोड १६ लाख ५४ हजार राजस्व सङ्कलन गरेको छ। यो गत आवको सोही अवधिमा सङ्कलित रकममा रु सात अर्ब ९५ करोडले बढी हो।

उक्त कार्यालयले उक्त अवधिमा रु एक खर्ब २१ अर्ब ८१ करोड ६६ लाख ४६ हजार सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। कार्यालयका सूचना अधिकारी अमित तिवारीका अनुसार औद्योगिक कच्चापदार्थ र पेट्रोलियम पदार्थको आयात बढेसँगै राजस्व सङ्कलन पनि बढेको हो। "दुई महिनायतादेखि राजस्व असुलीमा वृद्धि भइरहेको छ", उहाँले भन्नुभयो।

गत साउनमा रु १२ अर्ब १५ करोड, भदौमा रु १३ अर्ब ४२ करोड र असोजमा रु १३ अर्ब ४७ करोड राजस्व असुली भएको थियो। यो कार्यालयलाई चालु आवमा रु दुई खर्ब १८ अर्ब ९५ करोड राजस्व सङ्कलन गर्न सरकारले निर्देशन दिएको छ।

# एक तोला सुनको मूल्य एक लाख ७० हजार

काठमाडौँ, ९ फागुन (रासस)।

स्थानीय बजारमा शुक्रवार सुनको मूल्य तोलाको रु एक लाख ७० हजार कायम भएको छ।

बिहीबार प्रतितोला रु एक लाख ७१ हजारमा खरिदबिक्री भएको सुन शुक्रवार रु एक हजारले घटेको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ।

त्यसैगरी, चाँदीको मूल्य रू पाँचले घटेको छ। शुक्रवार चाँदी प्रतितोला रू एक हजार नौ सय ९० मा किनबेच भएको थियो।

शुक्रवार अन्तरराष्ट्रिय बजारमा प्रतिऔंस सुन दुई हजार नौ सय २८ अमेरिकी डलरमा कारोबार भयो।

# केआइआइटीबाट एक सय ५९ विद्यार्थी फर्किए

वीरगञ्ज (पर्सा), ९ फागुन (रासस)।

भारतको उडिसा राज्यस्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल ट्रेक्नोलोजी (केआइआइटी) मा अध्ययनरत एक सय ५९ जना विद्यार्थी रक्सौल भएर स्वदेश फर्किएका छन्।

केआइआइटीमा अध्ययनरत विद्यार्थी प्रकृति लम्सालको शङ्कास्पद मृत्युपछि उत्पन्न विषम परिस्थितिका कारण उनीहरू स्वदेश आएका हुन्। पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीका अनुसार बिहीबार बेलुका एक सय ५९ जना विद्यार्थी रक्सौल हुँदै स्वदेश आएका हुन्। **बाँकी चार पृष्ठमा**

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विद्युतीय सुशासनका लागि 'डाटा एक्सचेञ्ज प्लेटफर्म'

**कमलकुमार बस्नेत**

काठमाडौँ ९ फागुन (रासस)।

विद्युतीय शासनलाई शासकीय व्यवस्थामा नविनतम उपगमका रूपमा लिइन्छ। शासन व्यवस्थालाई निष्पक्ष, तटस्थ र पारदर्शी बनाउनुका साथै सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउनका लागि पनि विद्युतीय शासन अपरिहार्य बनेको छ।

नेपालको शासकीय अभ्यासमा विद्युतीय उपकरणको उपयोग हुन थालेको करिब पाँच दशक भयो। नेपालको राष्ट्रिय जनगणना २०२८ मा पहिलो पटक आइबीएम १४०१ कम्प्युटरको प्रयोग भएको थियो। त्यसयता शासनमा कम्प्युटरीकृत प्रणालीको उपयोगले पारदर्शीता र कार्यकुशलता अभिवृद्धि गर्न सकिन्छ भन्ने तथ्य व्यवहारिक रुपमै स्थापित भइसकेको छ। पछिल्लो समय नेपालको सार्वजनिक प्रशासनमा विद्युतीय उपकरणहरूको प्रयोगले महत्व पनि पाउँदै गएको पाइन्छ।

विद्युतीय शासनलाई बढावा दिनका लागि सरकारद्वारा गठित 'ई(गभर्नेन्स बोर्ड'ले मुलुकको डिजिटल सेवा प्रणालीलाई प्रभावकारी बनाउन 'डाटा एक्सचेञ्ज प्लेटफर्म'को अवधारणा अघि सारेको छ। नागरिकलाई सार्वजनिक सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले उक्त अवधारणा अघि सारिएको बोर्डले जनाएको छ।

हाल छुट्टाछुट्टै सरकारी सेवा लिन पटक-पटक व्यक्तिगत विवरण पेस गर्नुपर्ने बाध्यता हटाउन र सेवाप्रवाहलाई सरलीकरण गर्न उक्त अवधारणा अघि सारिएको हो। डाटा एक्सचेञ्ज प्लेटफर्म निर्माणपछि सेवाग्राहीले सरकारी सेवा लिँदा पटक-पटक व्यक्तिगत विवरण बुझाउनुपर्ने बाध्यता रहने छैन भने यसबाट सेवाप्रवाह छिटो छरितो हुनुका साथै, पारदर्शी र बढी विश्वसनीयता वृद्धि हुनेछ।

ई-गभर्नेन्स बोर्डका उपसचिव डा कमल पौडेल हाल विद्युतीय सुशासनको ब्लुप्रिन्ट निर्माण भइ छलफलका क्रममा रहेको बताउनुहुन्छ। उक्त ब्लुप्रिन्टको मुख्य उद्देश्य सूचना तथा प्रविधिको प्रयोगबाट सरकारी काम कारबाही तथा सेवा प्रवाहको दक्षता अभिवृद्धि गर्दै थप प्रभावकारी, पारदर्शी र जवाफदेशी बनाउनु रहेको छ।

नागरिकका वैयक्तिक तथा जैविकीय विवरण एकपटक मात्रै प्रविष्ट गर्दै झन्झटरहित सेवा प्रवाह गर्न तथा सेवा प्रवाहमा सरलीकरणका लागि डिजिटल नेपालका विभिन्न पहललाई एकीकृत ढाँचामार्फत विकास गर्न विद्युतीय सुशासन ब्लुप्रिन्ट तयार भइसकेको छ।

"डिजिटल परिवर्तनले समाजमा अन्तरनिहित सम्भावनालाई प्रस्फुटन गर्न मद्दत गर्छ, यसले नागरिकलाई व्यक्तिगत रूपमा र निजी, उद्यमी तथा सार्वजनिक क्षेत्रलाई व्यावसायिकरूपमा सक्षम, पारदर्शी र जवाफदेही बनाउँछ", उपसचिव डा पौडेलले भन्नुभयो।

हाल सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउनका लागि नागरिक एप विकास गरी कार्यान्वयनमा छ। तर अझै पनि विभिन्न संस्थाबीचमा डाटा आदानप्रदान सहज रूपमा हुन सकेको छैन। यी सबै समस्या समाधानका लागि डाटा एक्सचेञ्ज प्लेटफर्मको आवश्यकता महसुस गरिएको उहाँको बुझाइ छ। सबै सरकारी तथा निजी संस्थालाई एउटै डाटा प्रणालीमा एकीकृत गर्ने अवधारणा अनुसार उक्त काम सुरु गरिएको हो।

हाल नागरिक एपले विभिन्न सरकारी निकायसँग छुट्टाछुट्टै प्रणालीमार्फत डाटा आदानप्रदान गर्नुपर्ने बाध्यता छ। यसले सेवा प्रवाह ढिला हुने, प्रणाली असङ्गठित हुने तथा प्रविधिगत रूपमा खर्च बढ्ने समस्या देखिन सक्छ। खास गरी कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोष जस्ता संस्थाले नागरिक एपसँग डाटा आदानप्रदान गर्दा आफ्नै छुट्टै मापदण्ड अपनाउनु परेको छ। यसले डाटा साझा गर्ने प्रक्रियामा जटिलता थपेको छ। उदाहरणका लागि अस्पताल र बीमा कम्पनीबीच स्वास्थ्यसम्बन्धी डाटा आदानप्रदानको सहजता नहुँदा बिरामीको उपचारका क्रममा उसको विगत तथा बीमासम्बन्धी जानकारी लिन कठिन हुने अवस्था छ। त्यसबाहेक एपीआई (एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस) को पनि समस्या छ। यसका लागि पनि डाटा एक्सचेञ्ज प्लेटफर्मको आवश्यकता महसुस गरिएको छ।

हाल नागरिक एपले प्रत्येक संस्थासँग छुट्टाछुट्टै एपीआई बनाउनुपर्ने अवस्था छ। यसले प्रणालीलाई सहज बनाउन नसकेको जानकारहरू बताउँछन्। डाटा एक्सचेञ्ज प्लेटफर्म कन्द्रीय डाटा व्यवस्थापन प्रणाली हो। यसले सरकारी तथा निजी संस्थाबीच स्वचालित, सुरक्षित र प्रभावकारी रूपमा डाटा आदानप्रदान गर्न सहयोग गर्नेछ।

एकीकृत डाटा व्यवस्थापन केन्द्रका प्रमुख मनीष भट्टराई डाटा एक्सचेञ्ज प्लेटफर्म एक वृहत अवधारणा भएको बताउनुहुन्छ। "यो विभिन्न प्रणालीलाई एकापसमा जोड्ने वृहत अवधारणा हो, हाल सानो इकाइका रूपमा नागरिक एप सञ्चालनमा छ, यसले विभिन्न निकायलाई डाटा लिन सजिलो भएको छ, वृहत रूपमा डाटा एक्सचेञ्ज प्लेटफर्म निर्माण गर्दा निजी र सरकारी सबैलाई सहज हुन्छ", उहाँले भन्नुभयो।

अहिले नागरिक एपबाट करको विवरणदेखि लब्धाङ्कपत्र (मार्कसिट) समेत हेर्न सकिन्छ। एउटै एपबाट धेरै काम गर्न सकिने अवस्था छ। यसलाई अझ राम्रो बनाउन र डाटा आदानप्रदानलाई सहज बनाउन डाटा एक्सचेञ्ज प्लेटफर्मको अवधारणा ल्याइएको हो।

"डाटा एक्सचेञ्ज विशेष गरी सुशासन र पारदर्शीतासँग सम्बन्धित छ, त्यसबाहेक सहज र प्रभावकारी सेवाका लागि पनि यो आवश्यक छ", प्रमुख भट्टराईले भन्नुभयो।

राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी मधुसुदन बुर्लाकोटी डाटा एक्सचेञ्ज प्लेटफर्म निर्माणले सबै क्षेत्रलाई फाइदा पुग्ने बताउनुहुन्छ।

"डाटा एक्सचेञ्ज प्लेटफर्म आफैले काम गर्ने होइन, संस्थाहरूले कसरी डाटा लिने र प्रयोग गर्ने भन्नेले अर्थ राख्छ, हाम्रो हकमा तथ्यांक सङ्कलनमा यसले ठूलो सहयोग गर्छ", उहाँले भन्नुभयो। उहाँले राष्ट्रिय तथ्याङ्क कार्यालयले पनि डाटा विश्लेषणमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोग गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो।

"आजका दिनमा नीति निर्माणदेखि सेवा प्रवाहसम्मका लागि डाटाले ठूलो काम गर्छ", उहाँले भन्नुभयो, "यही आवश्यकतालाई महसुस गरी कार्यालयले अबको एक/दुई महिनामा एआईमा आधारित डाटा विश्लेषण गर्ने तयारी भइरहेको छ।"

सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा विद्युतीय सुशासन र व्यक्तिगत डाटा सुरक्षासम्बन्धी कानुन निर्माण गर्ने उल्लेख गरेको छ। विद्युतीय सुशासन ब्लुप्रिन्ट तथा रणनीति तर्जुमा गरी व्यवसायको कार्यप्रक्रिया पुनःसंरचा गरिनेछ। विद्युतीय प्रणालीबीच अन्तरआबद्धता कायम गर्न इन्टरनेट तथा डाटा एक्सचेञ्ज प्लेटफर्म निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

"विभिन्न निकायबाट प्रदान गरिने सार्वजनिक सेवा एकै स्थानबाट प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा नागरिक सेवा केन्द्र समेत सञ्चालनमा ल्याइनेछ", नीति तथा कार्यक्रममा भनिएको छ।

डाटा एक्सचेञ्ज प्लेटफर्ममार्फत एकीकृत डाटा मापदण्ड बनाउन सकिन्छ। जसमा सबै सरकारी तथा निजी संस्थाले एउटै साझा मापदण्डमा डाटा आदानप्रदान गर्न सक्छन्। यसमार्फत सबै संस्थालाई एकैपटक एकै ठाउँमा जडान गर्न सकिन्छ। एक पटक उक्त प्लेटफर्ममा आबद्ध भइसकेको संस्थाले तोकिएको डाटा प्रयोग गर्न सक्छन्। त्यसैगरी यसमार्फत नागरिक एपले पनि प्रत्येक संस्थासँग फरक फरक एपीआई बनाउनुपर्ने बाध्यताको अन्त्य हुनेछ।

यो प्लेटफर्म निर्माणले सरकारी एजेन्सीबीच समन्वयमा सहज हुनेछ। हाल नेपालमा राष्ट्रिय परिचय पत्र, भन्सार विभाग, आन्तरिक राजश्व विभाग, ट्राफिक व्यवस्थापन, महालेखा नियन्त्रक कार्यालयलगायत निकायले स्वतन्त्र रूपमा डाटा सञ्चालन गर्दै आएका छन्। उक्त प्लेटफर्मको प्रयोगले यी सबै संस्थालाई एकापसमा आबद्ध बनाउनेछ। यसले डाटाको सुरक्षा गर्दै डाटा चोरी, अनधिकृत पहुँच तथा साइबर आक्रमणलाई समेत नियन्त्रण गर्ने अपेक्षा छ।

त्यसैगरी हाल सरकारी संस्थाले निजी कम्पनीसँग डाटा साझा गर्न कानूनी तथा प्रविधिगत चुनौती भोगिरहेको अवस्थामा यसलाई सुरक्षित रूपमा सरकारी डाटासँग जडान गर्ने अवसर मिल्नेछ। सरकारले डिजिटल युगलाई आत्मसात् गर्दै सरकारी सेवा प्रणालीलाई तीव्र, पारदर्शी, तथा सुरक्षित बनाउन यस प्लेटफर्मलाई प्राथमिकता दिएको छ। यो लागू भएपछि सरकारी सेवा प्रवाह छिटो हुने, प्रशासनिक काम सरल हुने र डाटा सुरक्षामा सुधार आउनेछ।

डिजिटल युगमा डाटा र विद्युतीय सुशासन पारदर्शिता, दक्षता, र प्रगतिका मुख्य आधार हुन्। विद्युतीय सुशासन केवल प्रविधि मात्र नभइ शासन पद्धतिको परिवर्तन हो भन्ने अवधारणामा हाल बोर्डले काम गरिरहेको छ। यसको निर्माणपछि नागरिकले मेरो डाटालाई कसले हेर्‍यो ? कुन समयमा हेर्‍यो ? लगायतका जानकारी समेत प्राप्त गर्न सक्नेछन्।

विद्युतीय सुशासन सरकारी सेवाको मात्र डिजिटाइजेसन होइन, यो सरकार, नागरिक र व्यवसायबीचको अन्तरक्रियाका लागि पनि भएको बोर्डले जनाएको छ। बोर्डले डिजिटल रूपान्तरणलाई अघि बढाउन विभिन्न स्तम्भको पहिचान गरेको छ, जसमा स्पष्ट शासन ढाँचा, कानुनी सुधार, डिजिटल साक्षरता, र अन्तर्राष्ट्रिय सहकार्यलगायत समावेश छन्।

बोर्डका अनुसार विद्युतीय सुशासन २० प्रतिशत प्राविधिक र ८० प्रतिशत शासकीय मामिलामा आधारित हुन्छ। जस्तै, डाटाबेसहरूका अन्तरसङ्गठनात्मकता सुनिश्चित गर्न कानुनी सुधार र प्रयोगकर्ताको डाटा एक पटक मात्र सङ्कलन गर्ने नीति अवलम्बन गर्दै सेवा सजिलो बनाउने विषय समेत समावेश छन्।

विद्युतीय सुशासनका माध्यमबाट मुलुकको आर्थिक वृद्धि र सामाजिक प्रगतिमा ठूलो प्रभाव पार्छ। प्रभावकारी डाटा आदानप्रदानले सार्वजनिक सुरक्षामा सुधार, भ्रष्टाचारमा कमी, पारदर्शितामा अभिवृद्धि र विदेशी लगानीमा वृद्धि गर्न मद्दत पुर्‍याउँछ।

सरकारले निर्माण गरेको सोह्रौँ योजनामा पनि सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, चुस्त तथा प्रभावकारी बनाउन अनुहाररहित र कागजरहित बनाइ विद्युतीय सुशासन प्रवर्द्धन गर्ने, एउटै विवरण एकपटक मात्रै सङ्कलन गर्न आवश्यक कानुनी व्यवस्था गर्ने र अन्तरआबद्धताका लागि डाटा एक्सचेञ्ज प्लेटफर्मको स्थापना तथा सञ्चालन गर्ने उल्लेख छ।

त्यसबाहेक डिटिजल अर्थतन्त्र र डिजिटल समाज निर्माणमार्फत स्मार्ट राष्ट्र निर्माणका लागि विद्युतीय सुशासन ब्लुप्रिन्टको व्यवस्था गर्ने विषय समेटिएको छ। यसबाट सरकार नीतिगत रुपमै विद्युतीय सुशासन संस्थागत गर्दै यसको जगमा शासकीय कार्यकुशलता र प्रभावकारिता हासिल गर्न प्रतिबद्ध रहेको देखिन्छ।

उक्त अवधारणा कार्यान्वयनका लागि आगामी दिनमा विद्युतीय सुशासन ब्लुप्रिन्ट निर्माण गरी शासनको

**बाँकी तीन पृष्ठमा**

# महाशिवरात्रिमा पशुपतिनाथ आउने भक्तजनलाई धेरै सुविधा दिने तयारी

काठमाडौँ, ९ फागुन (रासस)।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रमा आउने भक्तजनका लागि धेरैभन्दा धेरै सुविधा दिइने बताउनुभएको छ।

पशुपति क्षेत्रमा महाशिवरात्रिका अवसरमा भइरहेको तयारीको आज बिहान अवलोकनपछि सञ्चारकर्मीसँग कुरा गर्नुहुँदै उहाँले विश्वका विभिन्न स्थानबाट पशुपतिनाथ मन्दिरमा दर्शनका लागि आउनुहुने भक्तजनका लागि सुविधा दिन अहिले पनि काम भइरहेको बताउनुभयो। पशुपति क्षेत्रका विभिन्न स्थानमा अहिले पनि खानेपानीका पाइप विच्छ्याउने लगायत काम भइरहँदा महाशिवरात्रिका अवसरमा आउने भक्तजनका लागि असहज हुने भएकाले छिटो व्यवस्थापन गर्न सरोकार भएका निकायलाई समन्वय गर्न लागिएको कोष सञ्चालक परिषद्का अध्यक्षसमेत रहनुभएका मन्त्री पाण्डेले बताउनुभयो।

महाशिवरात्रिको तयारीका लागि सरकारी निकायसँगै विभिन्न सामाजिक सङ्घ संस्था र व्यक्तित्वको पनि सहयोग आवश्यक रहेकामा उहाँले जोड दिनुभयो। मन्त्री पाण्डेले पशुपति क्षेत्रका वनकाली, भुवनेश्वरी, घाट क्षेत्र, राममन्दिर, मृगस्थली, विश्वरुपलगायतस्थानमा भइरहेको महाशिवरात्रिको तयारीका कामको अवलोकन गर्नुभएको थियो।

अझै केही काम सक्न समय लाग्ने देखिएकाले महाशिवरात्रिअघि नै काम सक्न पनि मन्त्री पाण्डेले कोषका कर्मचारीलाई निर्देशन दिनुभयो। कोषका सदस्य सचिव डा मिलनकुमार थापा, कोषाध्यक्ष नारायणप्रसाद सुवेदी, कोष सञ्चालक परिषद्का सदस्यहरूलगायतले उहाँलाई महाशिवरात्रिका अवसरमा भइरहेको तयारीका बारेमा जानकारी गराउनुभएको थियो।

महाशिवरात्रिको तयारीका लागि मन्त्री पाण्डेको अध्यक्षतामा २०१ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ। मूल समारोह समितिअन्तर्गत नौ वटा विषयगत उपसमिति गठन गरेर महाशिवरात्रिको तयारी भइरहेको सदस्य सचिव थापाले सुनाउनुभयो।

मूल समारोह समिति र उपसमितिले तयारीलाई तीव्रता दिइरहेको कोषले जनाएको छ। महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रमा साधुसन्तको आगमन सुरु भइसकेको छ। पशुपति क्षेत्रमा आएका साधुसन्तलाई स्वर्गद्वारी आश्रमलगायतले आवास, भोजन एवं धुनी ताप्ने व्यवस्था सुरु गरिसकेका छन्।

यस वर्ष भारतको प्रयागमा जारी महाकुम्भ दर्शन गरेर महाशिवरात्रिमा पशुपतिनाथको दर्शनका लागि धेरै भक्तजन आउने अनुमान गरिएको कोषले जनाएको छ। पशुपतिनाथको दर्शन गर्न आउने भक्तजनका लागि कोष, गुठी संस्थान, पशुपति क्षेत्रस्थित विभिन्न आश्रमले आवास, भोजन र धुनी ताप्ने व्यवस्था गर्ने गरेका छन्। महाशिवरात्रि सकिएपछि कोष र संस्थानले साधुसन्तलाई दक्षिणासहित बिदाइ गर्ने प्राचीनकालदेखिको परम्परा छ।

# ‘महालेखापरीक्षकको प्रतिवेदन संसद्मा छलफल हुनुपर्छ’

काठमाडौँ, ९ फागुन (रासस)।

सार्वजनिक निकायहरूको बेजुरु बर्सेनि बढ्न थालेपछि महालेखापरीक्षकको प्रतिवेदनले औँल्याएका विषयमाथि संसद्मा छलफल गरिनुपर्ने धारणा सांसदहरूले राख्नुभएको छ। सङ्घीय संसद् सचिवालयले आज यहाँ आयोजना गरेको ‘महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र संसद्को भूमिका’ विषयक अन्तरक्रियामा राष्ट्रियसभा र प्रतिनिधिसभाका सांसदहरूले बेरुजु घटाउन संसद्को भूमिका बढाउनुपर्ने धारणा राख्नुभएको हो।

छलफलका क्रममा सांसदहरूले महालेखापरीक्षकको प्रतिवेदन सार्वजनिक लेखा समितिमा मात्र नभई संसद्मै छलफल गरिनुपर्ने धारणा राख्नुभयो। सांसद श्रीकृष्ण प्रसाद अधिकारीले महालेखापरीक्षकको प्रतिवेदन संसदमा पनि छलफल गर्न आवश्यक रहेको बताउनुसभयो। त्यस्तै, वित्तीय अनुशासन कायम गर्नका लागि कर्मचारी र जनप्रतिनिधिको आचरणमा कसरी सुधार गर्ने भन्ने मुख्य प्रश्न रहेको उहाँले उल्लेख गर्नुभयो।

सांसद चन्द्रबहादुर विश्वकर्माले लेखापरीक्षणका लागि जनशक्ति अपुग रहेका कारण कार्यसम्पादनमा समस्या रहेको विषय उठाउनुभयो। सांसद वीना लामाले सार्वजनिक लेखा समितिले आफ्नो काम प्रभावकारी ढङ्गले सम्पादन गर्न नसकेको टिप्पणी गर्नुभयो। सार्वजनिक लेखा समितिले दिएका सुझाव सम्बन्धित कार्यालयले कार्यान्वयन गरेका छन् वा छैनन् भन्ने समीक्षा गरिनुपर्ने उहाँको भनाइ थियो। पछिल्ला वर्षहरूमा स्थानीय तहमा बेरुजु बढ्दै गएको पनि उहाँले उल्लेख गर्नुभयो।

सांसद सुमित्रा बिसीले कानूनले तोकेको अवधिभित्र बेरुजु फछ्र्यौट र असुलउपर हुन नसक्नु चिन्ताको विषय रहेको बताउनुभयो। सांसद सुशीला श्रेष्ठले स्थानीय तहलाई लेखापरीक्षण प्रकृयाबारे कम जानकारी रहेका कारण बेरुजु बढेको धारणा राख्नुभयो।

सांसद राजेन्द्र केसीले बेरुजु घटाउन सम्बन्धित लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार बनाउनुपर्ने कानुनी व्यवस्था कार्यान्वयन हुन नसकेको बताउनुभयो।

सांसद पदमबहादुर परियारले तोकिएको समय भन्दा अगावै काम सक्नेलाइ पुरस्कार दिने र ढिला सक्नेलाई दण्डित गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताउनुभयो। बेरुजु घटाउने विषयलाई कर्मचारीको कार्य सम्पादनसँग जोड्न सक्नुपर्ने उहाँको धारणा छ।

सांसद हितराज पाण्डेले स्थानीय तहको बेरुजु बढेको उल्लेख गर्दै यसलाई घटाउन महालेखापरीक्षकको कार्यालयले कसरी काम गरिरहेका छन् भनेर प्रश्न गर्नुभयो। त्यस्तै लेखापरीक्षणका क्रममा लेखापरीक्षकले आर्थिक लाभ लिनका लागि ‘बार्गेनिङ’ गर्ने गरेको गुनासो आईरहेको बताउनुभयो।

महालेखापरीक्षक तोयम रायाले महालेखापरीक्षकको कार्यालयले औँल्याएका बेरुजु सम्परीक्षणको काम सार्वजनिक लेखा समितिको भएपनि पछिल्लो छ वर्षदेखि वार्षिक प्रतिवेदनमाथि छलफल हुन नसकेको बताउनुभयो।

“महालेखापरीक्षकको ५५औं प्रतिवेदनयताका छवटा प्रतिवेदनमाथि छलफल हुन सकेका छैनन्। हामीले ६१औं प्रतिवेदन गत जेठको १३ गते राष्ट्रपतिसमक्ष पेश गरेका थियौं। तर उक्त प्रतिवेदन केही दिनअघिमात्र संसदमा प्रस्तुत भएको छ। यसले पनि हाम्रो प्राथमिकता कति छ भन्ने दर्शाउँछ”, उहाँले भन्नुभयो, “यसवर्षको सङ्घीय सरकारको बेरुजु फछ्र्यौट शून्य छ।”

बेरुजु बढ्दा सम्बन्धित लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार बनाउनुपर्ने र त्यसलाई उनीहरूको कार्यसम्पादन मूल्याङ्कनसँग जोड्न सक्नुपर्ने धारणा पनि रायाले राख्नुभयो। प्रदेश र स्थानीय सरकारले विधि र प्रक्रियागतरूपमा काम गर्न नजान्दा बेरुजु बढी देखिएको पनि उहाँको भनाई छ। महालेखापरीक्षक कार्यालयलाई बजेट अभाव रहेको पनि उहाँले उल्लेख गर्नुभयो।

महालेखापरीक्षको ६१ औं वार्षिक प्रतिवेदनअनुसार तीनवटै तहका सरकारी निकायको हालसम्मको कुल बेरुजु रु ११ खर्ब ८३ अर्ब २६ करोड छ। अघिल्लो आर्थिक वर्ष २०७९/८० मा मात्रै अद्यावधिक बेरुजु रु ९५ अर्ब ६० करोड २१ लाख र कारबाही टुङ्गो लगाउनुपर्ने लेखा परीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्नेलगायत रकम रु एक खर्ब ४० अर्ब ९५ करोड ३० लाख बराबर पुगेको छ। अर्थात् अघिल्लो आर्थिक वर्षमा मात्र रु दुई खर्ब ३६ अर्ब ५५ करोड ५१ लाख बराबर बेरुजु थपिएको छ। अघिल्लो आर्थिक वर्षमा महालेखाले तीनवटै तहका पाँच हजार छ सय पाँचवटा निकायको कुल रु ७८ खर्ब ८१ अर्ब ८० करोड बराबर लेखापरीक्षण गरिएको थियो।

महालेखापरीक्षक रायाले आगामी दिनमा लेखापरीक्षण प्रणालीलाई थप परिस्कृत र प्रभावकारी बनाउँदै लगिने उल्लेख गर्नुभयो। महालेखापरीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमार्फत औँल्याएका समस्या समाधानका लागि संसद र संसदीय समितिको महत्वपूर्ण भूमिका रहने उहाँको भनाई छ। महालेखापरीक्षक रायाले तीनवटै तहअन्तर्गतका सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी लेखापरीक्षण हुने गरेको बताउनुभयो।

## अविलम्व...

खोरेजी, मासिक तलव भुक्तानी लगायतका माग पुरा गर्न सरकार उदासिन देखिएको बताउँदै अव आन्दोलनमा जानुको विकल्प नरहेको नेपाल शिक्षक संघ मधेश प्रदेशका अध्यक्ष परशुराम यादवले बताए।

“पहिलो चरणका आन्दोलनका कार्यक्रम थालनी गरेका छौं। आन्दोलन अघि बढ्दै जाँदा आगामी चरणमा अवरोधात्मक, अवज्ञा बहिष्कार र काठमाडौं केन्द्रित सडक आन्दोलनका कार्यकमहरु लिएर हामी अघि बढ्नेछौं” ध्यानाकर्षण पत्र मार्फत चेतावनी समेत दिईएको छ।

शिक्षक महासंघले संसदको हिउँदे अधिवेशनबाट विद्यालय शिक्षा ऐन जारी नभएसम्म आन्दोलन जारी रहने आन्दोलन परिचालन समितका संयोजक यादवले जानकारी दिए।

ध्यानाकर्षणपत्र बुझ्दै शिक्षा विकास तथा समन्वय इकाईका निमित्त प्रमुख यादवले आफूले सम्बन्धित निकायमा ध्यानाकर्षणपत्र पठाउने प्रतिवद्धता जनाए।

ध्यानाकर्षण पत्र बुझाउनु अघि शिक्षक महासंघको नेतृत्वमा शिक्षकहरुले केअमावि राजविराजबाट ऱ्याली निकालेर नगर परिक्रमा गर्दै शिक्षा विकास तथा समन्वय इकाइ सप्तरी पुगेका थिए।

## विद्युतीय...

विद्युतीय रुपान्तरणाको नक्साङ्कन गर्ने र सार्वजनिक निकायको व्यवसाय प्रक्रिया पुनःसंरचनालाई प्राथमिकताका दिएको छ। त्यसबाहेक बोर्डले नागरिक सेवा केन्द्रमार्फत सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल र नियमित बनाउन नागरिक सेवा केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि निर्माण गरी परीक्षणका रूपमा केही स्थानीय तहमा नागरिक सेवा केन्द्र स्थापना गर्दै सम्पूर्ण स्थानीय तहमा जाने गरी काम गर्ने जनाएको छ।

## विश्व समाचार

### वातावरण क्षेत्रमा चीनको नयाँ कदम : नवप्रवर्तन प्रवर्द्धन गर्दै

बेइजिङ, ९ फागुन (रासस/सिन्ह्वा)।

चिनियाँ इकोलोजी तथा वातावरण मन्त्रालय र अन्य सरकारी निकायहरूद्वारा जारी दिशानिर्देशहरू अनुसार, चीनले हरित, सुन्दर चीन निर्माण गर्ने प्रयासको रूपमा पर्यावरण तथा वातावरण क्षेत्रमा वैज्ञानिक र प्राविधिक आविष्कारहरूलाई बलियो बनाउने वाचा गरेको छ।

सन् २०३५ सम्म प्रविधि र उच्चस्तर विज्ञान(टेक प्रतिभाको सुधार सङ्ग क्षेत्रको नवीनता प्रणालीको समग्र दक्षता उल्लेखनीय रूपमा बढाइनेछ। दिशानिर्देश अनुसार चीनले यस क्षेत्रको वैज्ञानिक र प्राविधिक प्रणालीको सुधारलाई गहिरो बनाउने र देशको पारिस्थितिक तथा वातावरणीय शासन क्षमतालाई थप सुधार गर्ने छ।

यसले आविष्कारको लागि खुला र समावेशी वातावरण सिर्जना गर्नेछ। साथै, आधारभूत अनुसन्धान, प्रमुख प्राविधिक सफलता, वैज्ञानिक र प्राविधिक उपलब्धिको रूपान्तरण र स्थानान्तरणमा सुधार गर्ने योजनाहरू लागू गर्नेछ।यी योजनाहरुको कार्यान्वयन सुनिश्चित गर्न आर्थिक सहयोग र खुला सहकार्यलाई प्रवर्द्धन गरिने मन्त्रालयले जनाएको छ।

### पाकिस्तानको पञ्जाबमा भएको सडक दुर्घटनामा ८ जनाको मृत्यु

इस्लामावाद, ९ फागुन (रासस/सिन्ह्वा)।

पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तमा शुक्रबार बिहानै एउटा मिनिभ्यान एक नहरमा खस्दा आठ जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

दुर्घटना कसुर जिल्लामा भएको थियो, जब एक सङ्गीत समूहका सदस्यहरूलाई लिएर एउटा विवाह समारोहबाट फर्कदै गरेको मिनिभ्यान सडकबाट तल एक नहरमा खसेको प्रहरीले स्थानीय मिडियालाई बताएको छ।

उद्धार टोली र प्रहरी घटनास्थलमा पुगेर घाइतेहरूलाई नजिकैको अस्पतालमा पुऱ्याएका थिए। आठ जनाको घटनास्थलमै मृत्यु भएको अधिकारीहरुले जनाएका छन् भने दुई जना घाइते भएका छन्।

उद्दार अधिकारीहरूले प्रारम्भिक रिपोर्टले ड्राइभर ड्राइभिङ गर्दा निदाएका हुनसक्छन्, जसले दुर्घटना निम्त्याएको हुन सक्छ। पाकिस्तानमा सडक दुर्घटना चिन्ताजनक मुद्दा बनेको छ।

विगत केही वर्षमा सडक दुर्घटना उल्लेखनीय रूपमा बढ्दै गएको छ। लापरबाही, सडकको खराब अवस्था र सवारी साधनको अपर्याप्त मर्मतसम्भार उच्च दुर्घटनाको मुख्य कारण हुन्।

### हमासले फिर्ता गरेका मृतक बन्धकमा शिरीको शब प्राप्त नभएको इजरायलको दाबी

जेरुसेलम, ९ फागुन (रासस/एएफपी।

इजरायलले गाजाबाट फर्काइएका चार बन्धकको शवमध्ये हमासले बताएअनुसार शिरी बिबासको अवशेष प्राप्त नभएको शुक्रबार बताएको छ। इजरायली सेनाले शिरीका दुई छोरा एरियल र कफिरको अवशेष पहिचान भएको तर शिरीको शब प्राप्त नभएको बताएको हो। लडाकू समूहले बन्धक-कैदी आदानप्रदान अन्तर्गत एक हिस्साका रूपमा बिहीबार चार बन्धकको अवशेषलाई रेडक्रसमार्फत्  इजरायली सेनालाई सुम्पिएको थियो।

सेनाका प्रवक्ता अविचय अद्राईले सामाजिक सञ्जाल टेलिग्राममा उल्लेख गर्नुभएको छ, “अनुसन्धान प्रक्रियाका क्रममा यो पत्ता लाग्यो कि हस्तान्तरण गरिएकामध्ये तीन जनाको अवशेष सही भए पनि अर्को एक जनाको अवशेष शिरीको होइन र उक्त अवशेष अन्य कुनै पनि अपहृत व्यक्तिसँग मेल खाँदैन।”

उहाँले भन्नुभयो, “हमासले सम्झौताअनुसार शिरीसहित सबै अपहरितलाई फिर्ता गनुपर्छ।”इजरायलले बिबास परिवारका दुई छोरा (एरियल र कफिर) लाई गाजामा प्यालेस्टिनी ‘आतङ्ककारी’ले मारेको निष्कर्ष निकालेको छ। यद्यपि, सेनाले एरियल र कफिरकी आमा शिरीलाई युद्धको सुरुमा इजरायली हवाई आक्रमणमा मारिएको हमासको दाबीको खण्डन गरेको छ।

“सम्बन्धित अधिकारीहरूको मूल्याङ्कन र उपलब्ध खुफिया र निदान सूचकहरूको आधारमा एरियल र केफिर बिबासलाई सन् २०२३ नोभेम्बरमा ‘प्यालेस्टिनी आतङ्ककारी समूह हमास’ ले कैदमा क्रूरतापूर्वक मारेका थिए,” अद्राइले भन्नुभयो।

धेरै इजरायलीहरूका लागि सन् २०२३ अक्टोबर ७ मा अपहरणपछि बन्धकहरूको अग्निपरीक्षाको प्रतीक बनेको शिरी, कफिर र एरियल बिबासको अवशेषहरू बिहीबार हस्तान्तरण गरिएको हमासले जनाएको थियो।

हमासले चौथो बन्धक ओडेद लिफ्शिट्जको शव पनि हस्तान्तरण गरेको थियो। उहाँ एक अनुभवी पत्रकार र लामो समयदेखि प्यालेस्टिनी अधिकारका रक्षक हुनुहुन्थ्यो। गाजा पट्टीमा भएको युद्धविरामअन्तर्गत इजरायली शवहरू हस्तान्तरण गरिएको यो पहिलो घटना थियो।

यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले हमासले गाजायुद्धविराम सम्झौताको ‘क्रूर र दुर्भावनापूर्ण’ उल्लङ्घन गरेको आरोप लगाउनुभएको छ। प्रधानमन्त्री नेतन्याहूले एक भिडियो वक्तव्यमा भन्नुभएको छ, “हामी शिरीलाई जीवित र मारिएका हाम्रा सबै बन्दीहरूसहित घर फर्काउने र सम्झौताको ‘क्रूर र दुर्भावनापूर्ण’ उल्लङ्घनको लागि हमासले पूरा मूल्य चुकाउने सुनिश्चित गर्ने अठोटका साथ काम गर्नेछौं।”

# वित्तीय कारबाहीसम्बन्धी मार्गदर्शन जारी

काठमाडौँ, ९ फागुन (रासस)।
नेपाल धितोपत्र बोर्डले धितोपत्र बजारमा सहभागीका लागि लक्षित गरेर वित्तीय कारबाहीसम्बन्धी मार्गदर्शन जारी गरेको छ। बोर्डले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण नियमावली, २०८१ को नियम ६९ को उपनियम (३) बमोजिम धितोपत्र बजार सहभागीका लागि लक्षित वित्तीय कारबाहीसम्बन्धी मार्गदर्शन जारी गरिएको जनाएको छ।

उक्त मार्गदर्शनमा नेपाल सरकार, गृह मन्त्रालयको वेबसाइटमा सार्वजनिक भएको संयुक्त राष्ट्रसङ्घले प्रतिबन्ध लगाएको सूचीकृत व्यक्ति, समूह वा सङ्गठन कारोबारमा भए/नभएको एकिन गर्नुपर्नेछ। यस्तै, सोसँग सम्बद्ध व्यक्ति, समूह वा सङ्गठन धितोपत्र बजार सहभागीले कारोबारको तथ्याङ्कमा भए वा नभएको नियमित रूपमा एकिन हुने अद्यावधिक प्रणाली स्थापना गर्नुपर्नेछ।

सो तथ्याङ्कका आधारमा कुनै सूचीकृत व्यक्ति, समूह वा सङ्गठन वा सोसँग सम्बद्ध अन्य कुनै व्यक्ति, समूह वा सङ्गठनको कुनै सम्पत्ति वा कोष आफूसँग रहेको भएमा तत्काल उक्त सम्पत्ति वा कोष रोक्का राख्नुपर्ने मार्गदर्शनमा उल्लेख छ।

धितोपत्र बजार सहभागीले आफ्नो कार्य सञ्चालन गर्दा आतङ्ककारी कार्य वा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसँग सम्बन्धित व्यवस्थाहरू पालना गर्नुपर्नेछ।

आतङ्ककारी कार्य वा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसँग सम्बन्धित शङ्कास्पद व्यक्ति का सम्बन्धमा वित्तीय जानकारी इकाईमा रिपोर्टिङ गर्नुपर्ने व्यवस्था मार्गदर्शनमा छ।

# निजामती विधेयक निष्कर्षमा पुऱ्याउन बडूको संयोजकत्वमा उपसमिति गठन

काठमाडौँ, ९ फागुन (रासस)।
प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिले सङ्घीय निजामती विधेयकलाई निष्कर्षमा पुऱ्याउन समितिका सदस्य दिलेन्द्रप्रसाद बडूको संयोजकत्वमा ११ सदस्यीय उपसमिति गठन गरेको छ।

समितिको शुक्रवारको बैठकमा सभापति रामहरि खतिवडाले उपसमिति गठनको प्रस्ताव गर्नुभयो। उपसमितिमा सांसद अशोक कुमार राई, ईश्वरी न्यौपाने, चन्दा कार्की, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्रप्रसाद पाण्डे, लीलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे रहनुभएको छ।

उपसमितिलाई एक महिनाभित्र समितिसमक्ष प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ। समितिमा 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८०' माथि छलफल चलिरहेको छ।

# सबै धर्म र सम्प्रदायको लक्ष्य मानव सेवा: राष्ट्रपति

धरान (सुनसरी), ९ फागुन (रासस)।
राष्ट्रपति रामचन्द्र पौडेलले जुनसुकै धर्म, सम्प्रदाय भए पनि सबैको लक्ष्य भनेको मानव सेवा नै भएको बताउनुभएको छ। श्री कृष्ण प्रणामी धर्मशाला निर्माण समितिले धरानमा निर्माण गरेको धर्मशाला उद्घाटनपछि आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "जुनसुकै धर्म, सम्प्रदाय भए पनि सबैको लक्ष्य भनेको मानव सेवा नै हो, हरेक धर्म, सम्प्रदायलाई यही रूपमा बुझ्नसके यसले समाजमा सहिष्णुता बढाउन मद्धत पुग्छ भन्ने म ठान्दछु।"

राष्ट्रपति पौडेलले हाम्रा धर्मशास्त्रहरूले पनि सेवालाई अत्यधिक महत्व र प्रधानता दिएको बताउनुभयो। उहाँले भन्नुभयो, "वेदव्यासले पनि अठार पुराण रचना गरिसकेपछि निष्कर्षमा 'परोपकार पुण्याय, पापाय परपिडनम' भन्नुभएको छ।"

हाम्रो देश पूर्वीय ज्ञान परम्पराको स्रोत भएको तथा यो ज्ञान, परम्परा र सभ्यताभित्र अनेक संस्कृति र सभ्यताको एकता र ऐक्यबद्धता देख्न सकिने उहाँको भनाइ थियो। राष्ट्रपति पौडेलले यो ऐक्यबद्धताले विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको भावना जागृत गराउने काममा मद्धत गर्न सक्नुपर्नेमा उहाँले जोड दिनुभयो।

"यसका लागि मानिसभित्र आपसी मित्रता, प्रेम, सद्भाव र सहअस्तित्वको पवित्र विचार सृजना गर्न आवश्यक छ, आज भौतिक विकाससँगै आध्यात्मिक चेतना, ज्ञान र जागरणको महसुस वर्तमान विश्वले गरिरहेको छ, आज मान्छे भौतिक विकासभित्र सुख र शान्तिका लागि भौँतारिहेको यहि कारण हो", राष्ट्रपति पौडेलले भन्नुभयो।

विश्वमा चरम भौतिक विकासको चाहना र होडबाजी बढेको र यसका कारण समाजमा शान्ति, सुव्यवस्था, आपसी सद्भाव, सहयोगको भावना खस्कदा रहेको उहाँको भनाइ थियो। "यो कुरा हामीले हाम्रै समाजमा पनि अनुभव गरिरहेका छौँ, यस्तो अवस्थामा नेपालमा निजानन्द सम्प्रदायले चलाएको आध्यात्मिक जागरण र मानव सेवा अभियानले समाजमा प्रेम, सद्भाव र शान्ति स्थापना गरी सभ्य र सुसंस्कृत समाज निर्माणमा महत्वपूर्ण योगदान पुरयाउनेछ भन्ने मैले विश्वास लिएको छु", राष्ट्रपति पौडेलले भन्नुभयो।

राष्ट्रपति पौडेलले हाम्रो वैदिक सनातन हिन्दु धर्म प्राचीनकालदेखि चलिरहेको धर्म भएको र यो धर्मको विराटस्वरूपका कारण यसअन्तर्गत विभिन्न संप्रदायहरूको सृजना हुनु स्वभाविक नै मान्न सकिने धारण व्यक्त गर्नुभयो। उहाँले यस धर्मशाला भवनलाई मानवीय सेवा र भावनाले अभिप्रेरित एउटा अर्कै मन्दिरको स्वरूपमा खडा भएको आफूले अनुभूति गरेको पनि उल्लेख गर्नुभयो ।

त्यसअवसरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की तथा जगद्‌गुरु श्रीकृष्णमणि महाराजलगायतले पनि शुभकामना व्यक्त गर्नुभएको थियो। सो अवसरमा राष्ट्रपति पौडेलले राधाकृष्ण मन्दिरमा आरती पनि गर्नुभएको थियो।

# प्रतिष्ठान र परिसङ्घबीच सहकार्यको समझदारी

काठमाडौँ ९ फागुन (रासस)।
नीति अनुसन्धान प्रतिष्ठान र नेपाल उद्योग परिसङ्घबीच नीतिगत विषयमा सहकार्यको समझदारी भएको छ।

नेपाल सरकारलाई नीतिगत विषयमा अनुसन्धान गर्दै सुझाव दिँदै आएको प्रतिष्ठान र उत्पादनमूलक एवं सेवामूलक उद्योगको प्रतिनिधिमूलक संस्था परिसङ्घबीच उद्योग, सेवा र सम्बद्ध सबै क्षेत्रका सार्वजनिक नीति अनुसन्धानमा सहकार्य गर्ने गरी समझदारी भएको हो।

समझदारीपत्रमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष लेखनाथ शर्मा र परिसङ्घको तर्फबाट महानिर्देशक घनश्याम ओझाले बिहीबार हस्ताक्षर गर्नुभयो। हस्ताक्षरपछि उहाँहरूले प्रतिष्ठान र परिसङ्घको सहकार्यबाट समग्र अर्थतन्त्रको विकासमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

# जनताले लोकतन्त्रको विकल्प खोजेका छैनन्: महामन्त्री थापा

मोरङ, ९ फागुन (रासस)।
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली जनताले लोकतन्त्रको विकल्प नखोजेको बताउनुभएको छ। विराटनगर विमानस्थलमा आज सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले जनताले पटकपटक तानाशाह र निरंकुश शासन व्यवस्था अनुभूत गरिसकेकाले लोकतन्त्रको विकल्प नसोच्नेसमेत बताउनुभयो।

"गणतन्त्रको सुन्दर पक्ष भनेको पूर्व राजाले पनि नागरिकको हैसियतमा आफ्ना मत राख्ने स्वतन्त्रता पाएका छन्। विगतमा पूर्वराजाको शासनकालमा राष्ट्रद्रोहको हामीले बोलेकै भरमा राज्यद्रोहको मुद्दामा जेलमा हालिएको थियो। पूर्वराजालाई आफ्ना मत जाहेर गरेकै भरमा पक्राउ गर्न वा मुखबन्द गर्न जादैनौँ", महामन्त्री थापाले भन्नुभयो।

प्रजातन्त्रमा नागरिकले मुलुकको व्यवस्थाप्रति होइन सरकारको काम कारबाहीप्रति असन्तुष्टि जनाउने गरेको भन्दै उहाँले निर्वाचनको माध्यमबाट त्यो असन्तुष्टि व्यक्त हुने गरेको धारणा राख्नुभयो। "यसर्थ पार्टीका नेता तथा कार्यकर्ताले गुट उपगुट नबनाई जनताको सर्वोपरी हितकालागि क्रियाशील हुनुपर्छ", महामन्त्री थापाले भन्नुभयो।

सञ्चारकर्मीको जिज्ञासामा उहाँले प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेशका सम्बन्धमा सत्तामा रहेका दलहरूसँग छलफल गरिरहनुभएको र केही दिनभित्र समझदारी हुने विश्वास व्यक्त गर्नुभयो। नेपाली कांग्रेसको महाधिवेशनको प्रक्रिया सुरु भइसकेको र विधानले तोकेको सीमाभित्रै सबै प्रक्रिया पूरा हुने पनि महामन्त्री थापाको भनाइ थियो।

# बयानब्बे वर्षमा आँखाको ज्योति फर्किएपछि...

बरहथवा (सर्लाही), ९ फागुन (रासस)।
हरिवन नगरपालिका-८ का ९१ वर्षीय नरबहादुर खड्का आँखाको ज्योति फर्किएपछि मक्ख हुनुहुन्छ। नेपाल नेत्र ज्योति सङ्घले निःशुल्क सञ्चालन गरेको शिविरमा आँखाको शल्यक्रियापछि उहाँले फेरि संसार देख्न पाउनुभएको हो।

लामो समयदेखि मोतियाबिन्दुको समस्याबाट पीडित उहाँले शल्यक्रिया गरेपछि स्पष्ट देखिएको बताउनुभयो। आँखा नदेख्दाको पीडा शब्दमा वर्णन नहुने र अन्धकारबाट पुनः उज्यालोमा फर्कदाको खुशी पनि शब्दमा व्यक्त नहुने उहाँले सुनाउनुभयो।

ज्येष्ठ नागरिक खड्काजस्तै हरिवन नगरपालिका-३ निवासी रामविलास महतोले पनि ९१ वर्षको उमेरमा आँखाको ज्योति पाउनुभएको छ। आँखाको शल्यक्रिया पछि बिहीबार पट्टी खोल्नुभएका उहाँले हर्षविभोर हुँदै गहँभरि आँसु पारेर भन्नुभयो। "यो उमेरमा फेरि आँखा देख्न पाइयो भेटिएजस्तै भएको छ," विपन्न परिवारका उहाँले खर्च अभावमा उपचार गराउन नसकेको दुखेसो गर्नुभयो।

शिविरमा ९० वर्षका अर्का वृद्ध गणेशमान घिसिङको पनि मोतियाबिन्दुको सफल शल्यक्रिया गरिएको थियो। शिविरमा एक सय ७५ जनाको आँखाको मोतियाबिन्दुको शल्यक्रिया गरी आँखाको ज्योति फर्काइएको आँखा उपचार केन्द्रले जनाएको छ।

मोतियाबिन्दुको पहिचानको लागि हरिवन र बरहथवा नगरपालिकामा गरी पाँच स्थानमा परीक्षण शिविर सञ्चालन गरिएको थियो। शिविरमा एक हजार ३७ जनाले स्वास्थ्य सेवा लिएका नेत्र ज्योति सङ्घले जनाएको छ। शिविरमा दुई सय ७० जना मोतियाबिन्दुका बिरामी फेला परेका थिए। शिविरमा आएकामध्ये एक सय ५० जनालाई निःशुल्क चस्मासमेत वितरण गरिएको थियो।

# प्रजातन्त्र दिवसको अवसरमा निःशुल्क मुटु परीक्षण

महोत्तरी, ९ फागुन (रासस)।
राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा बर्दिबासस्थित रोटरी क्लबले नेपाल हृदय रोग निवारण प्रतिष्ठानसँगको सहकार्यमा बर्दिबास नगरक्षेत्रका विद्यालयका छात्रछात्राको मुटु परीक्षण गरेको छ।

बिहीबार सम्पन्न शिविरमा नगरका ११ विद्यालयका पाँच हजार ६७८ छात्रछात्राको मुटु परीक्षण गरिएको थियो। वरिष्ठ हृदयरोग विशेषज्ञ डा अवनीभूषण उपाध्याय, डा प्रेमराज वैद्य र डा प्रकाशराज रेग्मीसहितको १५ सदस्यीय टोलीले शिविर सञ्चालन गरेको हो।

सामाजिक सेवा समाजका हरेक वर्गको दायित्व भएको स्मरण गराउँदै डा उपाध्यायले त्यही दायित्व निर्वाह गर्ने सिलसिलामा आफूहरूले शिविर सञ्चालन गरेको राससलाई बताउनुभयो।

### केआइआइटीबाट...

बिहीबार बेलुका नै वीरगञ्जका युवाले लम्साल र सिरहामा बलात्कारपछि ज्यान गुमाएकी रिन्कु सदाले न्याय पाउनुपर्ने माग गर्दै मैनबत्ती जुलुस निकालेका थिए। लम्साल र सदाको अस्वाभाविक मृत्यु भएकाले न्यायिक छानबिन हुनुपर्ने उनीहरूको माग छ।

साइबर अपराधबाट बचौं ।

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृश्य वा श्रव्यदृश्य पोष्ट वा शेयर, लाईक नगरौं,
- सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जाल मार्फत गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं ।

जनहितमा जारी सूचना

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको बजेट र कार्यक्रम स्वीकृत

काठमाडौँ, ९ फागुन (रासस)।
प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको अध्यक्षता शुक्रवार भएको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, सभाको १५औँ बैठकले चालु आर्थिक वर्षको योजना, कार्यक्रम र बजेट स्वीकृत गरेको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको बैठकले प्रतिष्ठानको नवौँ सभाको बैठकबाट स्वीकृत बहुवर्षीय गुरुयोजनालाई कार्यान्वयनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमक्ष पेस गर्न अनुमति दिएको छ। बैठकले कार्यकारी परिषद्को सिफारिसमा सभाको सदस्यमा प्राडा ब्रह्मदेव झालाई मनोनयन गरेको छ।

प्रतिष्ठानमा कार्यरत पदाधिकारी, शिक्षक र कर्मचारीको विद्यमान तलब भत्तामा आन्तरिक स्रोतबाट दिने गरी पाँच प्रतिशत वृद्धिको प्रस्तावलाई भने बैठकले थप अध्ययन र छलफल गरेर मात्रै पेस गर्न निर्देशन दिएको छ। प्रधानमन्त्री ओलीले विधि र कानुनसम्मत रूपमा निर्णय लिन तथा समयमा सिनेट बैठक गरी वार्षिक बजेट र कार्यक्रम पारित गराउन निर्देशन दिनुभयो।

उहाँले दीर्घकालीन र आर्थिक रूपमा प्रभाव पर्ने निर्णयलाई स्वीकृत गर्न नसकिने स्पष्ट गर्नुभयो।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*